# कालिगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पुर्तिघाट, गुल्मी

मिति:- २०८१/०६/०२

## कवाडी ठेक्का सम्बन्धी सूचना

यस गाउँपालिका बाट आ.व. २०८१/०८२ का लागी कवाडी समान, खाली, शिशी, बोटल, कार्टुन, डफ्की, ढड्डा आदिको (कालिगण्डकी गाउँपालिका ७ वटै वडाका लागि) ठेक्का दरखस्त आह्वान गरिएकाले इच्छुक फर्महरुले निम्न शर्तको अधिनमा रही गोप्य सिलबन्दी ठेक्का दरखस्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. न्यूनतम अंक रु १,८०,०००।– (एकलाख असी हजार) भ्याट बाहेक।
२. सिलबन्दी दरभाउ फाराम दरस्तुर रु १०००।– (एक हजार) फिर्ता नहुने गरी भुक्तानी पश्चात यो सूचना प्रकाशित मितिले १५ (पन्धौं) दिन सम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।
३. फर्मले सिलबन्दी दरखस्त फर्म,कर दर्ता प्रमाण-पत्र र नवीकरण प्रमाण-पत्र साथै करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. दरखास्त सूचना प्रकाशित भएको मिति देखी १६ (सोह्रौ) दिनको १२:०० बजेसम्म र अन्तिम दिन बिदा परेमा सो को भोली पल्ट यस कार्यालयमा पेश गरी सक्नु पर्नेछ र रितपूर्वक दर्ता भएका दरखास्तहरु सोही दिन (अन्तिम दिनको) भोलिपल्टको २:०० बजे दरखास्त दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। तर दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका कारणले सिलबन्दी दरखास्त खोल्न रोकिने छैन।
५. सिलबन्दी दरखास्त साथ आफुले कबोल गरेको अंकको ५ % धरौटी कुमारी बैंक लि. कालिगण्डकीको धरौटी खाता ०८६००३५७७३७००००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै पेश गर्नु पर्नेछ। र स्वीकृति पछि रकम त्रैमासिक रुपमा अग्रीम भुक्तानी गर्नुपर्ने छ। कवोल रकम एकमुष्ट रुपमा दाखिला गरी सम्झौता गरेमा कवोल अंकको १० % ले हुन आउने रकम छुट हुनेछ।
६. रित नपुगी वा म्याद नाघि आएको ठेक्का दरखस्त उपर कुनै कारवाही गरिने छैन।
७. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहीत रहनेछ।
८. ठेक्का स्वीकृत भै सम्झौता पछि सम्झौता अनुसार काम नगरेमा कार्य अवधिको बीचैमा पनि गाउँपालिकाका तर्फबाट ठेक्का सम्झौता खारेज गर्ने अधिकार समेत गाउँपालिकामा रहनेछ।
९. यस गाउँपालिका कुनै पनि प्रकारको दायित्व भुक्तान गर्न बाँकी फर्मको बोलपत्र स्वीकृत गरिने छैन।
१०. फर्मले तिर्नु पर्ने मूल्य अभिवृद्धिकर (भ्याट) वा अन्य करहरु सम्बन्धित फर्मलेनै तिर्नु पर्नेछ।
११. यस सूचनामा नपरेको अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत